# निर्णय नं. ७३०९ - एक रूपता कायम हुन

भाग: **४६** साल: **२०६१** महिना: **बैशाख** अंक: **१**
फैसला मिति :२०६१/०१/२४ १५३८

निर्णय नं. ७३०९ ने.का.प.२०६१ अङ्क १

## पूर्ण इजलास

### माननीय न्यायाधीश श्री हरिप्रसाद शर्मा

### माननीय न्यायाधीश श्री चन्द्रप्रसाद पराजुली

### माननीय न्यायाधीश श्री रामनगिना सिंह

संवत् २०६१ सालको पु.इ.प्रतिवेदन नं...१०

आदेश मितिः २०६१।१।२४।५

विषय :– एक रुपता कायम हुन ।

§ ***प्रतिवेदनमा उल्लेख गरिएका दोहऱ्याई हेर्ने निस्सा प्रदान भएका निवेदनहरु मध्ये निवेदन नम्बर ३८०९, ४८९८, ४२२६, ५१९३, ५१९२ मा मुद्दा दोहऱ्याउने निस्सा प्रदान भएको देखिएकोले अ.वं. २०१ नं. ले फैसला गर्नुपर्ने अवस्थाको हुँदा तामेलीमा राख्न नमिल्ने ।***

§ ***दोहोऱ्याउने आदेश भएपछि स्वतः पुनरावेदनमा रुपान्तरण हुने अवस्थाको निवेदनमा कोर्ट फी समेतका दस्तुरका हकमा ठहरे बमेजिम हुने गरी दर्ता गर्न सकिने बमोजिमको कानूनी व्यवस्था हुँदा हुँदै तारेख गुजारेको भन्ने आधारमा तामेलीमा राख्ने गरी भएको आदेश अ.वं. २०१ र १९३क कोर्ट फी ऐन २०१७ को दफा १४(४) समेतका आधारबाट कानून बमोजिमको मान्न नमिल्ने ।***

§ ***दोहोऱ्याउने आदेश भएको उल्लेखित सबै निवेदनहरुमा पुनरावेदन दर्ताका लागि लाग्ने कानून बमोजिमको कोर्ट फी र अन्य दस्तुर समेत लिई आउनु भनी अंक तोकी यथोचित समय दिई तारेख दिनु पर्नेमा सो बमोजिम गरी पुनरावेदन दर्ता तर्फको कारवाही अघी बढाएको देखिन नआउने।***

§ ***निस्सा प्रदान भएपछि तारेख नगुजार्दा सम्मको अवधिमा तारेख तोक्दा कोर्ट फी समेतका दस्तुरका सम्बन्धमा उल्लेख गरी तारेख तोक्नु पर्नेमा सो बमोजिम भए गरेको देखिएन। साथै सो सम्बन्धमा कोर्ट फी ऐन, २०१७ को दफा १४(४) मा भएको व्यवस्था बमोजिमको प्रक्रिया समेत अवलम्बन गर्न सकिनेमा सो बमोजिमका काम कारवाही पनि सम्बन्धित फांटबाट भए गरेको देखिएन। यसरी कानून बमोजिमको कार्य गर्नुपर्ने कर्तव्य र दायित्व भएका कर्मचारीले लामो समय सम्म कुनै कारण नखोली पटक पटक साधारण तारेख मात्र तोकी उपरोक्त बमोजिमको कार्य नै नगरी तारेख गुजारेको भनी तामेलीका लागि पेश गरेको देखिएबाट सम्बन्धित कर्मचारीले कानूनी कर्तव्य र दायित्व पूरा गरेको नदेखिंदा त्यस्ता कर्मचारी माथि विभागीय कारवाही गर्नु भन्ने रजिष्ट्रारको नाउंमा आदेश समेत जारी हुने।***

(प्र.नं. २ र ३)

निवेदक तर्फवाटः

विपक्षी तर्फवाटः

अवलम्वित नजिरः

आदेश

यसमा मुद्दा दोहोऱ्याउने निस्सा प्रदान भएपछि पुनरावेदन दर्ताका लागि लाग्ने कानून बमोजिमको कोर्ट फी तथा अन्य पुनरावेदन दस्तुर समेत दाखिला नगरी तारेखमा रहेका निवेदकले तारेख गुजारेकाले तामेलीका लागि भनी पेश भएका निवेदनहरु मध्ये कुनै निवेदनमा तामेलीमा राख्ने र कुनै निवेदनमा कोर्ट फीको हकमा पछि फैसला हुँदा ठहरे बमोजिम हुने गरी पुनरावेदनको लगतमा दर्ता गर्ने भन्ने आदेश भई कार्यविधिमा एकरुपता नभएकोले एकरुपता कायम हुनका लागि पेश गरेको छु भन्ने व्यहोराको सह–रजिष्ट्रारको प्रतिवेदनमा "एकरुपता कायम हुन वाञ्छनिय देखिँदा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(च) बमोजिम पूर्ण इजलासमा पेश गर्नु" भन्ने सम्माननीय प्रधान न्यायाधीशको आदेशानुसार प्रस्तुत प्रतिवेदन यस इजलासमा पेश हुन आएको पाइयो।

२. प्रतिवेदनमा उल्लेख गरिएका दोहऱ्याई हेर्ने निस्सा प्रदान भएका निवेदनहरु मध्ये निवेदन नम्बर ३८०९, ४८९८, ४२२६, ५१९३, ५१९२ मा मुद्दा दोहऱ्याउने निस्सा प्रदान भएको देखिएकोले अ.वं. २०१ नं. ले फैसला गर्नुपर्ने अवस्थाको हुँदा तामेलीमा राख्न मिलेन। कोर्ट फी समेतका दस्तुरको हकमा पछि फैसला हुँदा ठहरे बमोजिम हुने गरी पुनरावेदनको लगतमा दर्ता गरी नियमानुसार पेश गर्नु भन्ने र नि.नं. ५६१७ ५६१८, ३९७ र ५८४९ का तामेलीमा राख्ने निवेदनहरुमा निवेदकले तारेख गुजारी थाम्ने थमाउने म्याद समेत समाप्त भै सकेको देखिदा तामेलीमा राखी दिनु भन्ने आदेश भई समान अवस्थाका निवेदनहरुमा पृथक पृथक प्रक्रिया अपनाइएको देखिन आयो। तर तामेलीमा राख्ने गरी आदेश भएका निवेदनहरुमा तारेख गुजारेको अवस्था र तामेली आदेशमा सो को कारण समेत खुलेको देखिंदैन। साधारणतः निवेदनमा तारेख गुजारी थाम्ने थमाउने म्याद समाप्त भएमा मात्र निवेदन तामेलीमा रहने हो। तर दोहोऱ्याउने

निस्सा प्रदान भै सकेपछि स्वतः पुनरावेदनमा दर्ता हुने कानूनी प्रावधान विपरीत तारेख पछि तारेख तोक्दै जाने र कोर्ट फी असूल गर्ने तर्फ कारवाही नै नगरी अन्तमा तारेख गुजारेको भनी तामेलीमा राखेको देखियो। मुद्दा दोहऱ्याई पाउं भनी परेका निवेदनहरुमा इजलासबाट निस्सा प्रदानको आदेश भए पछि त्यस्ता निवेदनले पुनरावेदनको स्थान ग्रहण गर्दछ। पुनरावेदनमा पक्षले तारेख गुजारे पनि मुद्दा डिसमिस गर्न नहुने र मिसिल संलग्न प्रमाण समेतको विचार गरी फैसला नै गर्नुपर्ने व्यवस्था अ.वं. २०१ नं. मा भएको पाइन्छ। त्यस्तै कानून बमोजिम लाग्ने दस्तुर र कोर्ट फी बुझाएको निस्सा दाखिल नभई पुनरावेदन वा उजूरीको निवेदन लाग्ने छैन। दर्ता भएको रहेछ भने पनि खारेज हुन्छ भन्ने व्यवस्था अ.वं. १९३क मा भएको भन्ने सह रजिष्ट्रारका प्रतिवेदनमा उल्लेख भएपनि उक्त नम्बरको अन्तिम वाक्यांशमा कोर्ट फी ऐन बमोजिम पछि मुद्दा फैसला हुँदा ठहरे बमोजिम कोर्ट फी तिर्ने गरी पुनरावेदन वा निवेदन दर्ता भएकोमा कोर्ट फी दाखिल नभएको कारणले मात्र पुनरावेदन वा निवेदन खारेज हुने छैन भन्ने समेतको व्यवस्था गरेको पाइन्छ। त्यस्तै लिनुपर्ने भन्दा घटी कोर्ट फी लिएको वा बुझाएको रहेछ भने नपुग भएको कोर्ट फीको अंक किटान गरी दाखिल गर्न ल्याउनु भनी अदालतले १५ दिनसम्मको म्याद दिनुपर्ने व्यवस्था कोर्ट फी ऐन, २०१७ को दफा १४(४) मा गरेको पाइन्छ। यसरी दोहोऱ्याउने आदेश भएपछि स्वतः पुनरावेदनमा रुपान्तरण हुने अवस्थाको निवेदनमा कोर्ट फी समेतका दस्तुरका हकमा ठहरे बमेजिम हुने गरी दर्ता गर्न सकिने उपरोक्त बमोजिमको कानूनी व्यवस्था हुँदा हुँदै तारेख गुजारेको भन्ने आधारमा तामेलीमा राख्ने गरी भएको आदेश अ.वं. २०१ र १९३क कोर्ट फी ऐन २०१७ को दफा १४(४) समेतका आधारबाट कानून बमोजिमको मान्न मिल्ने देखिएन। तारेख गुजारेको आधारमा तामेलीमा राख्न नमिल्ने हुँदा कोर्ट फी को हकमा पछि फैसला हुँदा ठहरे बमोजिम हुने गरी पुनरावेदनको लगतमा दर्ता गर्नु भन्ने उल्लेख भएका नि.नं. ३८०९ समेतमा भएको आदेशसंग असहमत हुनु पर्ने अवस्था पनि देखिएन। अतः प्रतिवेदनमा उल्लेखित तामेलीमा राखिएका निवेदनहरु समेत तामेलीबाट जगाई सम्बन्धित पक्षलाई जानकारी दिई कानून बमोजिम कारवाही गर्नु।

३. कोर्ट फी र पुनरावेदन दस्तुर दाखेल गर्ने सम्बन्धमा निस्सा प्रदान हुँदाका वखतमा तारेखमा बसेका पक्षलाई तारेख तोक्दा जे जुन कार्यका लागि तारेख तोकिने हो सो को व्यहोरा तारेख भरपाइमा जनाउनु पर्ने व्यवस्था अ.वं ५३ नं. मा गरेको पाइन्छ। दोहोऱ्याउने आदेश भएको उल्ल्ेखित सबै निवेदनहरुमा पुनरावेदन दर्ताका लागि लाग्ने कानून बमोजिमको कोर्ट फी र अन्य दस्तुर समेत लिई आउनु भनी अंक तोकी यथोचित समय दिई तारेख दिनु पर्नेमा सो बमोजिम गरी पुनरावेदन दर्ता तर्फको कारवाही अघि बढाएको देखिन आएन। बरु निस्सा प्रदान भइ सकेपछि पनि लामो समय सम्म कुनै कारण नै नखोली अदालतमा हाजिर हुनु भन्ने व्यहोरा मात्र उल्लेख गरी तारेख तोकिएको उल्लिखत निवेदनबाट देखियो। जस्तो नि.नं. ५१९२, ५१९३ मा मिति २०६०।३।२७ मा दोहोऱ्याई हेर्ने निस्सा प्रदान भएकोमा तारेख दिंदै मिति २०६०।७।३ मा मात्र निवेदक वारेसले तारेख गुजारेको, त्यस्तै नि.नं. ५६१७,५६१८ का निवेदनमा मिति ०६०।७।१२ मा निस्सा प्रदान भएकोमा तारेख दिंदै मिति २०६०।९।३ मा निवेदक वारेसले तारेख गुजारेको भन्ने उल्लेख भएको पाइयो। यसरी निस्सा प्रदान भएपछि तारेख नगुजार्दा सम्मको अवधिमा तारेख तोक्दा कोर्ट फी समेतका दस्तुरका सम्बन्धमा उल्लेख गरी तारेख तोक्नु पर्नेमा सो बमोजिम भए गरेको देखिएन। साथै सो सम्बन्धमा कोर्ट फी ऐन, २०१७ को दफा १४(४) मा भएको व्यवस्था बमोजिमको प्रक्रिया समेत अवलम्बन गर्न सकिनेमा सो बमोजिमका काम कारवाही पनि सम्बन्धित फांटबाट भए गरेको देखिएन। यसरी कानून बमोजिमको कार्य गर्नुपर्ने कर्तव्य र दायित्व भएका कर्मचारीले लामो समय सम्म कुनै कारण नखोली पटक पटक साधारण तारेख मात्र तोकी उपरोक्त बमोजिमको कार्य नै नगरी तारेख गुजारेको भनी तामेलीका लागि पेश गरेको देखिएबाट सम्बन्धित कर्मचारीले कानूनी कर्तव्य र दायित्व पूरा गरेको नदेखिंदा त्यस्ता कर्मचारी माथि विभागीय कारवाही गर्नु भन्ने रजिष्ट्रारको नाउँमा आदेश समेत जारी गरी दिएको छ।

न्या.हरिप्रसाद शर्मा

न्या.चन्द्रप्रसाद पराजुली

न्या.रामनगिना सिंह

संवत् २०६१ साल वैशाख २४ गते रोज ५ शुभम् ........



## भर्खरै प्रकाशित नजिरहरू

- ***१०५२७ - बन्दीप्रत्यक्षीकरण (http://nkp.gov.np/full_detail/9593)***

  ***फैसला मिति : २०७७/०४/२९ | मुद्दा नं : ०७७-WH-००११***

- ***१०५२६ - उत्प्रेषण / परमादेश (http://nkp.gov.np/full_detail/9592)***

  ***फैसला मिति : २०७७/०४/२१ | मुद्दा नं : ०७६-WO-०९६२***

- ***१०५२५ - कर्तव्य ज्यान (http://nkp.gov.np/full_detail/9591)***

  ***फैसला मिति : २०७७/०४/२१ | मुद्दा नं : ०७५-CR-०८४७***

- ***१०५२४ - परमादेश (http://nkp.gov.np/full_detail/9590)***

  ***फैसला मिति : २०७७/०३/२५ | मुद्दा नं : ०७६-WO-१०२६***

- ***१०५२३ - राज्य विरूद्धको अपराध (http://nkp.gov.np/full_detail/9589)***

  ***फैसला मिति : २०७७/०३/०२ | मुद्दा नं : ०७५-CR-१०९३***

## धेरै हेरिएका नजिरहरु

- ***निर्णय नं: # ९३४६ - मानव बेचबिखन, बालविवाह, जबर्जस्ती करणी (http://nkp.gov.np/full_detail/8389)***

  ***फैसला मिति : २०७१/१०/१९ | मुद्दा नं : ०६७-CR-१२८८***

- ***निर्णय नं: # ९३१७ - हालैदेखिको बकसपत्र लिखत बदर (http://nkp.gov.np/full_detail/8316)***

  ***फैसला मिति : २०७१/०७/१९ | मुद्दा नं : ०६७-CI-०९०३***

- **निर्णय नं: # ९२७३ - मानाचामल (http://nkp.gov.np/full_detail/8079)**

  *फैसला मिति : २०७१/०५/०५ | मुद्दा नं : ०६८-CI-०२१६*

- **निर्णय नं: # ९२७४ - लागु औषध (नरफिन) (http://nkp.gov.np/full_detail/8080)**

  *फैसला मिति : २०७१/०५/०५ | मुद्दा नं : २०६७-CR-०९९२*

- **निर्णय नं: # ९३१९ - उत्प्रेषण (http://nkp.gov.np/full_detail/8363)**

  *फैसला मिति : 2070/10/20 | मुद्दा नं : ०६९–WS–००३५*